नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल

## सम्पत्ती तथा मालसामानको लिलाम बिक्री गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

## सूचना नं ०१/०८२/८३

प्रथम पटक सुचना प्रकाशित मितिः २०८२/०१/२४

यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ती तथा मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्र को माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्धौ) दिनभित्र बोलपत्र खरिद गरि १६ (सोह्) औ दिनमा दिनको १२;०० बजेसम्म यस केन्द्रमा दर्ता गराउनु हुन इच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। यस सम्बन्धमा बिस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ती तथा मालसामान हेर्न चाहेमा यस केन्द्रको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ती तथा मालसामानको न्यूनतम कायम मूल्य रु ५८००२२/६६ (अक्षरेपी पाँच लाख असी  हजार बाईस रुपैया छैसठ्ठी पैसा मात्र) रहेको छ ।

## सम्पत्ती तथा मालसामानको लिलाम बिक्री गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

## सूचना नं ०१/०८०/०८१

सुचना प्रकाशित मितिः २०८३/०१/२४

यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१) इच्छुक बोलपत्रदाताहरुले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र धुलिखेलको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२) इच्छुक बोलपत्रदाताहरुले मिति ०८३/२/०७गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरि रु१०००।(एक हजार रुपैया) रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड स्थित यस कार्यालकको राजस्व खातामा कार्यालय कोड नं. ३३६०४२६०१, राजस्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचर सहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ती भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ (सोह्)औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ।

४) केन्द्रमा दर्ता भएका बोलपत्रहरु १६ (सोह्)औ दिनको २.०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थिती नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६) बोलपत्र दाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कूल रकमको १० प्रतिशत रकम को.ले.नि.का. धुलिखेलको नाममा रहेको राष्ट्रिय बाणिज्य बैकमा रहेको धरौटी खाता नं. १०४०१००१०२०३००० कोड न.३३६०४२६०१मा जम्मा गरि सोको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

७)बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।